स्थानीय सरकार

# पलाँता गाउँकार्यपालिकाको कार्यालय,

## पलाँता,कालीकोट

### कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## भाग-२

| | | |
|---|---|---|
| **खण्डः १** | **संख्याः ११** | **मितिः २०८०/०८/२५** |
| | | **राजपत्रमा प्रकाशन मितिः२०८०/०८/.....** |

पलाँता गाउँपालिका

करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०८०

# करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०८०

**कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८०/०८/२५**

**प्रमाणिकरण मितिः २०८०/०८/२५**

**प्रस्तावनाः**

पलाँता गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दिको अधिनमा रहि प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८० को दफा ४ बमोजिम मिति २०८०/०८/२५ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम पलाँता गाउँपालिकामा "करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णयबाट स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "अध्यक्ष " भन्नाले क्रमशः गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले “पलाँता गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०८०” सम्झनुपर्दछ ।

घ. "कार्यालय" भन्नाले पलाँता गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३(२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित कर्मचारी छनौट समिति सम्झनु पर्दछ ।

**३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः**

(१)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५(४) बमोजिम प्राविधिक कर्मचारी/कार्यालय सहयोगी पदमा करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

(२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

(क) इन्जिनियरिङ्ग सेवासँग सम्बन्धित
(ख) कृषि सेवासँग सम्बन्धित
(ग) पशु सेवासँग सम्बन्धित
(घ) वन सेवासँग सम्बन्धित

पलाँता गाउँपालिका

(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित

(छ) अन्य आवश्यक सेवा सँग सम्बन्धित- जग्गा नापी सँग सम्बन्धित अमिन र सर्भेयर।

४. **छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका प्राविधिक कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) प्राविधिक कर्मचारीको अनुसूचि - १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचना पाटी, वेभ साईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची - २ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) आवेदन फारामको नमूना अनुसूची -३ बमोजिम हुनेछ। आवेदन दस्तुर यस कार्यविधिको दफा ९ मा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नु पर्नेछ :

क. शैक्षिक योग्यता वापत ६० (साठी) अंक:
(विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, अक्षरांक स्तर निर्धारण पद्धति अनुसार ३.६ देखि ४.०० जी. पी. ए. ६०, ३.२-३.५९ सम्म ५५, २.८-३.१९ सम्म ५०, २.४-२.७९ सम्म ४५, २.०-२.३९ सम्म ४० र १.६-१.९ सम्म ३५ अंक प्रदान गरिनेछ।(त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)। विस्तृतमा अनुसूची -६

ख. कार्य अनुभव वापत २० (बीस) अंक: (५ वर्ष भन्दा बढी कार्य अनुभव भएमा २० अंक, कार्य अनुभवको प्रमाणित कागजात वा विवरण संलग्न भएको हुनुपर्ने) । विस्तृतमा अनुसूची -६

ग. तालिम बापतको मूल्यांकनको आधार अनुसूची - ६ अनुसार हुनेछ।

घ. स्थानीय बासिन्दालाई देहाय बमोजिम १० (दश) अंक

१. सम्बन्धित गाउँपालिका/नगरपालिकाको बासिन्दा भएमा -१० अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ८ अंक र विस्तृतमा अनुसूची -६।

ङ. अन्तवार्तामा अधिकतम ३० अंक प्रदान गरिने छ । यस अनुसार अकं प्रदान गर्दा न्यूनतम १२ (बार) र अधिकतम २१ (एक्काईस) को सीमाभित्र रही प्रदान गर्नु पर्नेछ । तर सो अंक भन्दा घटी वा बढी दिंदा उपयुक्त कारण खुलाउनु पर्ने छ ।

च. शैक्षिक योग्यता, अनुभव र अन्तर्वार्ताको मूल्यांकनका सूचकहरु अनुसूची-६ मा उल्लेख गरे बमोजिम हुनेछ ।

छ. उपदफा ४ को बुँदाहरु क देखि ङ सम्म जे सुकै कुरा लेखिएको भएता पनि यो मूल्यंकन लिखित परीक्षाको लागि योग्य उम्मेदवारको सूचीको लागि मात्र उपयोगी हुनेछ।

पर्वत गाउँपालिका

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिंग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

**५. छनौट र परीक्षा समिति (पदपूर्ति समिति)**: १) माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई आधार मानी क्रमशः घट्दो क्रममा प्रारम्भिक छनौटको सूची प्रकाशन गरी लिखित परीक्षामा सहभागी हुन पाउने सूची प्रकाशन तपसिलको समितिले गर्नेछ।विषय विज्ञ मार्फत प्रश्नपत्र निर्माण गरी लिखित परीक्षा सञ्चालन गरी लिखित परीक्षामा सफल उम्मेदवारलाई प्रयोगात्मक परीक्षा र अन्तरवार्ताको लागि सिफारिस गरी प्रयोगात्मक परीक्षा र अन्तरवार्ता सञ्चालन गरी सफल उम्मेदवारहरुलाई नियुक्ति सिफारिस गर्न देहायको छनौट र परीक्षा समिति वा पदपूर्ति समिति रहनेछ। योग्य उम्मेदवारको सूची कार्यालयको तर्फबाट सम्बन्धित विषयगत शाखाले प्रकाशन गर्नेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषय विज्ञ (सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी) - सदस्य

(ग) गाउँपालिकाको विषयगत शाखा प्रमुख - सदस्य सचिव

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस उपदफा बमोजिमको विषय विज्ञ नियुक्ति गर्दा उम्मेदवारको सूची प्रकाशन पश्चात लिखित परीक्षाको कम्तिमा ३ दिन अगावै सम्बन्धित कार्यालय र व्यक्तिलाई पत्राचार गरी जानकारी गराउनु पर्नेछ।विषय विज्ञ छनौट गर्दा सकेसम्म जिल्ला स्तरको कार्यालयबाट गर्नु पर्नेछ। जिल्ला स्तरमा उपलब्ध नभए प्रदेश स्तरमा र प्रदेश स्तरबाट उपलब्ध हुन नसकेमा अन्तरपालिका स्तरबाट उपलब्ध गराउनु पर्नेछ।यी तीनै स्तरबाट उपलब्ध हुन नसकेमात्र राष्ट्रिय स्तरबाट विषय विज्ञ माग गरी छनौट गर्नु पर्नेछ।

३) विषय विज्ञलाई गाउँकार्यपालिकाको कार्यालयको नियमानुसारको सेवा सुविधाः ७ दिन सम्मको दैनिक भ्रमण भत्ता वा अन्य सुविधा गाउँ कार्यापालिकाको कार्यलयले उपलब्ध गराउन सक्नेछ।

**६. सूचिकरणको विवरण प्रकाशन गर्ने :**

(१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको आधारमा घट्दो क्रममा दफा ५ बमोजिमको समितिले उम्मेदवारले आवेदनको साथमा पेस गरेको सक्कल शैक्षिक प्रमाणपत्र र अन्य अनुभव सम्बन्धी कागजातको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना र सबै परीक्षाबाट सफल उम्मेदवारलाई काम गर्न तोकिने शाखा समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।

(२) क) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा योग्य उम्मेदवारहरुबाट माग पद संख्या भन्दा बढी संख्यामा उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ र उम्मेदवारहरुको सूची अनुसूची -७ बमोजिमको सूचीकरण गरीएको सूचना, सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

ख) तर माग पद संख्या भन्दा कम्तीमा एक जना बढी उम्मेदवारको आवेदन पेस नभएमा लिखित परीक्षाको लागि योग्य उम्मेदवारको सूची प्रकाशन गरिनेछैन। यस अवस्थामा पुनः ७ दिनको म्याद राखी आवेदन पेस गर्न विज्ञापन गरी योग्य उम्मेदवारको सूची प्रकाशन गरिनेछ।

ग) यस अवधिमा पनि थप उम्मेदवारको आवेदन पेस नभएमा मात्र माग पद संख्या बराबरको उम्मेदवारहरुले आवेदन पेश भएको भए सो बराबरको उम्मेदवार सुचिकरण गर्न सकिनेछ।

घ) तर उम्मेदवारको सूचिकरण गर्ने क्रममा आवेदन पेस गरेका उम्मेदवारहरु मध्ये कुनै उम्मेदवार अयोग्य भई माग पद संख्या भन्दा कम उम्मेदवार हुन गएमा पुनः ७ दिनको विज्ञापन आह्वान गरी पुनः सूचीकरण गरी लिखित, प्रयोगात्मक र अन्तरवार्ता परीक्षा सञ्चालन गरी छनौट प्रक्रिया अगाडि बढाइनेछ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारहरुलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राखी अन्य परीक्षाको मिति तोकेको सूचना दफा ५ बमोजिमको समितिबाट निर्णय गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**७. लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता सञ्चालन गर्नेः १)** कानून अनुसार गाउँपालिकाले खुला प्रतिस्पर्धात्मक परीक्षा द्वारा पदपूर्ति गर्न मिल्ने पदको विज्ञापन आह्वान गरेको खण्डमा दफा ५ बमोजिमको समितिले सम्बन्धित विषयको विज्ञद्वारा प्रश्नपत्र निर्माण गरी लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता परीक्षा सञ्चालन गरी योग्य उम्मेदवारको छनौट गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि लिखित परीक्षा पहिलो चरण वस्तुगत लिखित परीक्षा र दोस्रो चरण विषयगत लिखित परीक्षा गरी दुई चरणमा सञ्चालन गरिनेछ। वस्तुगत लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारलाई मात्र दोस्रो चरणको लिखित परीक्षाम समावेश गरिनेछ। दोस्रो चरणको परीक्षाम सफल उम्मेदवारले अन्तरवार्तामा उपस्थित हुँदा सक्कल नागरिकता, सक्कलै शैक्षिक प्रमाण पत्र, सक्कलै अनुभव सम्बन्धी कागजात र सक्कलै अन्य आवश्यक कागजात साथमा ल्याउनु पर्नेछ।

३) पहिलो चरण र दोस्रो चरणको लिखित परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क कर्णाली प्रदेश लोकसेवा आयोगले व्यवस्था गरे बमोजिम हुनेछ। दोस्रो चरणको लिखित परीक्षा समेत उत्तीर्ण गरी अन्तरवार्ताबाट छनौट भएको उम्मेदवारलाई गाउँकार्यापालिका समक्ष छनौट समितिले निर्णय गरी अनुसूची - ८ बमोजिम बैकल्पिक उम्मेदवार सहितको नतिजा प्रकाशन गरी अनुसूची -९ बमोजिम सफल उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ। प्रत्येक चरणको परीक्षा पछि छनौट तथा परीक्षा समितिले निर्णय गरी सफल उम्मेदवारहरुको नतिजा प्रकाशन गरेर मात्र अर्को चरणको परीक्षा सञ्चालन गर्नु पर्नेछ।

४) उपदफा (१) मा जेसुकै भनिएको भएता पनि का.स. (कार्यालय सहयोगी) पदको लागि भने लिखित परीक्षा र प्रयोगात्मक परीक्षा सञ्चालन गरिने छैन। सूचीकृत गरी अन्तरवार्ताबाट छनौट गरी करार नियुक्ति गरिनेछ।

पञ्चदेवल गाउँपालिका

५) छनौट समितिबाट नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारलाई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -१ बमोजिमको कार्यविवरण सहित कार्यालयको तर्फबाट टिप्पणी उठाउन लगाई करार नियुक्ति गरी कामकाजमा लगाउनेछ।

६) उपदफा (१), (२), (३), (४) र (५) मा जेसुकै कुरा लेखिएको भएता पनि छनौट तथा परीक्षा समितिले माग पद संख्या र दरखास्त पेस गर्ने उम्मेदवारहरुको संख्याको आधारमा गाउँपालिका अध्यक्षको उपस्थितिमा निर्णय गरी दुवै चरणको परीक्षा एकै दिनमा एकै पटक सञ्चालन गरी सफल उम्मेदवारलाई अन्तरवार्ता परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्न सक्नेछ।

**८. योग्यता र उमेरको हदः १)** गाउँकार्यपालिकाको कार्यालयबाट खुला दरखास्त आह्वान गरी पदपूर्ति गरिने प्राविधिक पदको लागि देहायको योग्यता पुगेको हुनु पर्नेछ।

क) अधिकृत छैठौः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

ख) सहायक पाँचौः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण वा सम्बन्धित कोर्स उत्तीर्ण गरेको।

ग) सहायक चौथोः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा सम्बन्धित कोर्स उत्तीर्ण गरेको।

घ) प्रत्येक पदको लागि उमेरको हद १८ वर्ष पुरा गरी पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ।

२.क) कार्यालय सहयोगी पदको लागि कम्तिमा आधारभूत तह वा नि.मा.वि. तह वा कक्षा ८ उत्तीर्ण गरेको र १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको स्वस्थ, निरोगी नेपाली नागरिक हुनु पर्नेछ।

ख) यो कार्यविधि लागू हुनु पूर्व कार्यालय सहयोग पदमा करार नियुक्ति लिई कामकाज गर्दै आएका कार्यालय सहयोगीहरुको योग्यता यो कार्यविधि अनुरुप नभएको तथा निजको कार्य सम्पादन समेत सन्तोष जनक नपाइएमा प्रमुख प्रशासकीय अधिकृतले गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालय तथा स्वास्थ्य केन्द्रमा कार्यरत कार्यालय सहयोगीहरुको करार भङ्ग गरी सेवाबाट हटाई नयाँ कार्यालय सहयोगी छनौट गर्न सक्नेछ।साथै कार्यरत कार्यालय सहयोगीको उमेर ६० वर्ष पुरा भएको भएमा समेत करार भङ्ग गरिनेछ।

९. परीक्षा दस्तुरः गाउँकार्यपालिकाको कार्यालयबाट खुला दरखास्त आह्वान गरी पदपूर्ति गरिने प्राविधिक तथा कार्यालय सहयोगी पदको परीक्षा दस्तुर देहाय बमोजिम हुनेछ।

क) अधिकृत छैठौः रु. १५००।
ख) सहायक पाँचौः रु. ८००।
ग) सहायक चौथोः रु. ५००।
घ) कार्यालय सहयोगीः रु. ३००।

१०. परीक्षाको पाठ्यक्रमः कार्यालय सहयोगीको पदको लागि बाहेक सबै पदको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तरवार्ताको पाठ्यक्रम कर्णाली प्रदेश लोकसेवा आयोगले तोके बमोजिम हुनेछ।

पलाता गाउँपालिका

**११. करार गर्ने:**

(१) कार्यालयले छनौट गरेका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्य-विवरण सहित अनुसूची -४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची -५ बमोजिको पत्र कार्यालयले प्राविधिक कर्मचारीलाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिँदा विषयगत शाखा समेत तोकी काममा लगाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार सम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नु पर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ।

(७) प्राविधिक कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन।

(८) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

(९) प्रचलित ऐन, कानून र कार्यविधि तथा करार सम्झौतामा उल्लेख गरे बमोजिम मात्र करार कर्मचारीलाई विदा उपलब्ध गराइनेछ। अन्यथा प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धीत शाखा प्रमुखबाट स्वीकृत नगराई ७ दिन भन्दा बढी २० दिन सम्म विदा बसेमा वेतलवी विदाको रुपमा विदा उपलब्ध गराइनेछ । एक महिना भन्दा बढी विदा बसेमा वा कार्यालयको तर्फबाट उपस्थित हुन जानकारी गराउँदा समेत कार्यालयमा उपस्थित नभएमा करार सम्झौता स्वतः रद्ध भएको मानिनेछ र कार्यालयको आवश्यकता अनुसार करार पदपूर्ति प्रक्रियाबाट नयाँ कर्मचारी छनौट गरी करार सम्झौता गरिनेछ।

पर्वतगाउँपालिका

**१२. कार्य शर्त, पारिश्रमिक र अवधि :**

(१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका प्राविधिक कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ । पुनश्चः नेपाल सरकारको प्रचलित कानून तथा कार्यविधि र नेपाल सरकारले बेलाबेलामा गरेको पत्राचार तथा महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन अनुसार करार कर्मचारीले स्थानीय भत्त नपाउने भनी उल्लेख गरेमा सो स्थानीय दूर्गम भत्ता उपलब्ध गराइने छैन।

(२)कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता, प्रोत्साहन भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन् ।

(३) कार्यालयले करारका प्राविधिक कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउँने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधि एक पटकमा १ (एक) वर्ष भन्दा बढी अवधिको हुने छैन ।एक पटक करार अवधि समाप्त भए पछि पुनः करार नविकरण गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निजको कार्यसम्पादन मूल्यांकन गरी कार्यालयको आवश्यकता अनुसार करार थप गर्न सकिनेछ।

**१३. करार समाप्तीः**

(१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

(२) करार सम्झौता गरिएको प्राविधिक कर्मचारीको कार्य सन्तोष जनक नभएको भनि कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गर्न लगाई एक पटक सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

पचौंता नगरपालिका

**१४. विविधः** १) यस कार्यविधि कार्यान्वयनका क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले प्रचलित प्रदेश तथा नेपाल कानून अनुसार आवश्यक निर्णय गर्न सक्नेछ ।

२) कार्यविधि बमोजिम करार कर्मचारीको पदपूर्ति प्रक्रिया शुरु गर्नु पूर्व सो पदको व्यवस्था यस गाउँकार्यपालिकाको कार्यालयको संगठन संरचनामा व्यवस्था छ छैन सो को सुनिश्चित गरेर मात्र प्रक्रिया अगाडि बढाउनु पर्नेछ। संगठन संरचनामा नभएको पदको करार पदपूर्ति गरिने छैन।संगठन संरचनामा व्यवस्था नभएको पदको पदपूर्ति गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अनुमति लिई संगठन संरचनामा व्यवस्था गरी कार्यपालिका बैठकबाट आवश्यक निर्णय गराएर मात्र गर्न सकिनेछ।

पलाँता गाउँपालिका

## अनुसूची -१

**(दफा ४ को उपदफा १ सँग सम्बन्धित कार्य विवरणको ढाँचा)**

पलाँता गाउँ कार्यपालिकको कार्यालय

पलाँता, कालीकोट

कर्णाली प्रदेश, नेपाल

**कार्य विवरणको नमुनाः**

प्राविधिक कर्मचारीको पद नामः

काम गर्नुपर्ने स्थान वा शाखाः

प्राविधिक कर्मचारीको नामः

सुपरिवेक्षकः

प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

**कार्य विवरणः विषय गत शाखा र निकाय बमोजिमको कार्यविवरण उल्लेख गरी कामकाजमा खटाउने।**

१.

२.

३.

४.

५.

६.

७.

................................

प्रमुख प्रशासकीय अधिकृत

पलाँता गाउँपालिका

**अनुसूची -२**

**(दफा ४ को उपदफा १ सँग सम्बन्धित आवेदनको ढाँचा)**

पलाँता गाउँ कार्यपालिकको कार्यालय

पलाँता, कालीकोट

कर्णाली प्रदेश, नेपाल

# करारमा सेवा लिनेसम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०....../........./.......)

सूचना नं.:

पलाँता गाउँपालिकाको लागि .................(विषयगत शाखा)मा रहने गरी ..................... (पद) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य—विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.sarkegadmun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा समूह | माग संख्या | आवेदन दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**१. सेवाको किसिमः** अस्थयी (करार सेवा)

२. **सर्तः** नेपाली नागरिक भएको तर प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ।

**३.<u>आवश्यक न्यूतमा शैक्षिक योग्यता, अनुभव र उमेरको हद (नमुना) : सम्बन्धित पदको लागि तोकिय बमोजिमको योग्यता र अनुभव।</u>**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता (जस्तैः नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट -Civil Engineering- मा स्नातक (BE) र कुनै सम्बद्ध विषयमा स्नातकोत्तर गरेको ।)

३. अनुभवको हकमा B.E उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा १ (एक) वर्षको कार्य अनुभव भएको ।

४. १८ वर्ष उमेर पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिल वा सम्बन्धित काउन्सीलमा दर्ता भएको (प्रमाणपत्र) ।

६. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

पलाँता गाउँपालिका

४. **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको र नविकरण गरेको प्रमाणित प्रतिलिपि र पासपोर्ट साइजको फोटो ३ प्रति संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

५. **दरखास्त दस्तुरः** यस कार्यविधिको दफा बमोजिम।

६. **दरखास्त बुझाउने वा दिने स्थानः** पलाँता गाउँ कार्यपालिकाको कार्यालय, पलाँता, कालीकोट।

७. **परीक्षाको मिति, समय र स्थानः** दरखास्त पेस गर्ने अन्तिम मितिबाट ७ दिन भित्र संक्षिप्त सूची प्रकाशन गरी सोही सूचिकृतको सूचनामा परीक्षाको मिति, समय र स्थान तोकिनेछ।

८. **परीक्षाको किसिमः** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित परीक्षा, आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा र अन्तरवार्ता।

९. **परीक्षाको पाठ्यक्रमः** कर्णाली प्रदेश लोकसेवा आयोगले सम्बन्धित पद, तह र विषयको लागि तोके बमोजिम।

१०. **सेवा सुविधाः** गाउँ पालिकाले तोके बमोजिम।

**पुनश्चः** तोकिएको बैंकमा तोकिएको खाता नं. मा दरखास्त दस्तुर जम्मा गरेको राजस्व भौचर दरखास्त फाराम साथ संलग्न राखी पेश गर्ने पर्नेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्न सकिनेछ। Online दरखास्त पेश गर्ने उम्मेदवारहरुले गाउँपालिकाको ईमेल ठेगानामा माग बमोजिमको कागजातको प्रतिलिपि प्रमाणित गरी स्क्यान प्रतिको Pdf फाइल बनाई तोकिएको ढाँचामा फोटो सहित फाराम भरी पेश गर्नु पर्नेछ।तर यसरी पेश गरिएको दरखास्तवाला उम्मेदवारहरुले परीक्षामा भाग लिन आउँदा पेश गरिएको दरखास्त फाराम, पेश गरिएको कागजातको प्रमाणित प्रतिलिपि र सक्कलै कागजात समेत लिई उपस्थित हुनु पर्नेछ।

**थप जानकारीको लागि सम्पर्क व्यक्ति र सम्पर्क नम्बरः.** ................................ /.......................................

पलाँता गाउँपालिका

## अनुसूची -३
## (दफा ४ उपदफा २ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

पलाँता गाउँ कार्यपालिकको कार्यालय
पलाँता गाउँपालिका, कालीकोट
कर्णाली प्रदेश, नेपाल

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

## करारको लागि दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नं: | जारी गर्ने जिल्ला : | | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.पा | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो. नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : | (वि.सं.मा) | (ईस्वि संवतमा) |
| बाजेको नाम, थर : | | हालको उमेर : | वर्ष | महिना |

**(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)**

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

पलाँता गाउँपालिका

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="2">उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td><td colspan="2"></td></tr>
<tr><td></td><td></td><td colspan="2">मितिः</td></tr>
<tr><td colspan="4">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="2">रसिद/भौचर नं. :</td><td colspan="2">रोल नं. :</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत नभए सो को कारण :</td></tr>
<tr><td>दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br><br>मिति :</td><td colspan="2">दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br><br>मिति :</td><td></td></tr>
</table>

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

पलाँता गाउँपालिका

## अनुसूची - ४

### (दफा ११ उपदफा २ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

### करार सम्झौता

पलाँता गाउँ कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र जिल्ला, .................. गाउँपालिका/नगरपालिकाः .............................वडा नं..... बस्ने श्री ............. का नाती/नातिनी, श्री ........... का छोरा/छोरी श्री ........................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच पलाँता गाउँ कार्यपालिकाको ................................................(इन्जिनियर/सव इन्जिनियर/अ. सव इन्जिनियर/का. सा./) को कामकाज गर्न गराउन मिति २० /......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं/दियौं :

१. **कामकाज सम्बन्धमा** : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थानः** पलाँता गाउँपालिकाको ......................।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक** : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ..................(अक्षरेपी ...................पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले पलाँता गाउँपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक कार्यालयको नियमानुसार दोस्रो पक्षलाई सेवा/सुविधा दिईनेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति, प्रेस वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतीपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार २०......./....../........देखि लागु भई २०....... साल ..........मसान्त सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा साल वसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १२ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको

अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाँउने छैन ।

१२. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**गाउँपालिकाको तर्फबाट :**

हस्ताक्षर :

नाम :

पद : प्रमुख प्रशासकीय अधिकृत

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति):**

हस्ताक्षर :

नाम :

पदः

ठेगाना :

कार्यालयको छापः

ईति सम्वत २०......... साल ............. महिना ...... गते ..... रोज शुभम्......................।

पलाँता गाउँपालिका

**अनुसूची -५**

**(दफा ११ उपदफा ३ सँग सम्बन्धित करार सूचना पत्रको ढाँचा)**

पलाँता गाउँ कार्यपालिकको कार्यालय

पलाँता, कालीकोट

कर्णाली प्रदेश, नेपाल

च.नं. मितिः

प.सं.

श्री ......................................,

......................................

विषयः **करार सम्बन्धमा ।**

तपाईलाई मितिः २०..../......./...... निर्णयानुसार सूचिकरण गरी लिखित र अन्तरवार्ता परीक्षाबाट छनौट गरिए बमोजिम ............................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०..../......./......देखि २०..../......./......सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारी पूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम, कर्तव्य पालना गर्दा यस गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना गर्नु हुन जानकारी गराइन्छ ।

............................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनु हुन।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

श्री वडा कार्यालय,.................................... गाउँ कार्यपालिकाको कार्यालय ।

पलाँता गाउँपालिका

## अनुसूची -६

## (दफा ४ को उपदफा ३ र दफा ८ सँग सम्बन्धित)

दफा ३ बमोजिमको पदपूर्तिका लागि योग्य उम्मेदवार सूचीकृत गर्ने मूल्यांकनका आधारः

| क्र.सं. | सूचकहरु | पूर्णांक | कैफियत |
|---|---|---|---|
| **१** | **शैक्षिक योग्यता (विज्ञापन अनुसार न्यूनतम शैक्षिक योग्यताको आधारमा)** | **६०** | |
| १.१ | अंक अंकित स्तर निर्धारण पद्धति अनुसार | | |
| १.१.१ | विशिष्ट श्रेणी (८०% वा सो भन्दा माथी प्राप्तंक)/ University Level 75%-100% | ६० | |
| १.१.२ | प्रथम श्रेणी (६०% देखि ७९.९९% सम्म प्राप्तांक)/ University Level 65%-79.99% | ५५ | |
| १.१.३ | द्वितीय श्रेणी (४५% देखि ५९.९९% सम्म प्राप्तांक)/ University Level 50%-64.99% | ५० | |
| १.१.४ | पास श्रेणी (४५% भन्दा कम प्राप्तांक)/ University Level 35%-49.99% | ४५ | |
| १.२ | अक्षर अंकित स्तर निर्धारण पद्धति अनुसार | | |
| १.२.१ | A+ र A वा ३.६ देखि ४.०० ग्रेड पोइन्टसम्म/University Level A and A- | ६० | |
| १.२.२ | B+र B वा २.८ देखि ३.५९ ग्रेड पोइन्टसम्म/University Level B and B+ | ५५ | |
| १.२.३ | C+र C वा २.० देखि २.७९ ग्रेड पोइन्टसम्म/University Level B-, C+ and C | ५० | |
| १.२.४ | D+ र D वा १.६ देखि १.९९ ग्रेड पोइन्टसम्म/ University Level C-, D+ and D | ४५ | |
| **२** | **कार्य अनुभव (न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात मात्र)** | **२०** | |
| २.१ | ५ वर्ष भन्दा बढी कार्यानुभव भएमा | २० | |
| २.२ | ३ वर्ष भन्दा बढी र ५ वर्ष भन्दा कम कार्य अनुभव भएमा | १८ | |
| २.३ | १ वर्ष भन्दा बढी र ३ वर्ष भन्दा कम कार्य अनुभव भएमा | १५ | |
| २.४ | १ वर्ष सम्म कार्य अनुभव भएमा | १० | |
| २.५ | १वर्ष भन्दा कम कार्य अनुभव भएमा वा कार्य अनुभव नभएमा | ० | |
| **३** | **उम्मेदवारको स्थायी ठेगाना** | **१०** | |
| ३.१ | स्थायी ठेगाना पलाँता गाउँपालिका भएको | १० | |
| ३.२ | स्थायी ठेगाना कालीकोट जिल्ला भित्र भएको | ८ | |
| ३.३ | स्थायी ठेगाना कर्णाली प्रदेश भित्र भएको | ६ | |
| ३.४ | अन्य | ५ | |
| **४** | **न्यूनतम शैक्षिक योग्यता हासिल पश्चातको सम्बन्धित क्षेत्रमा लिएको तालिम** | **१०** | |
| ४.१ | अनमी हकमा SBA तालिम लिई प्रमाण पत्र हासिल गरेको | | |
| ४.२ | सबै प्राविधिक पदमा सम्बन्धित क्षेत्रको र इन्जिनियर तथा सब इन्जिनियरको हकमा इजिपि सम्बन्धि तालिम लिई प्रमाण पत्र प्राप्त गरेको भएमा | | |
| ४.३ | कृषि प्राविधिक, पशु प्राविधिक, सवारी चालक, सर्भेयर लगायत सबै प्राविधिक पदका उम्मेदवारले सम्बन्धित क्षेत्रको निश्चित अवधिको तालिम लिई प्रमाण पत्र प्राप्त गरेको | | |

दफा ३ बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिंग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) वा सम्बन्धित काउन्सिलमा दर्ता भई लाइसेन्स प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

५. प्रयोगात्मक परीक्षा १५ मिनेट समयको जम्मा २० पुर्णाङ्कको हुनेछ। सम्बन्धित क्षेत्र र विषयको प्रयोगात्मक परीक्षा सञ्चालन गरिने छ।

६. मौखिक वा अन्तरवार्ता परीक्षा ३० पुर्णाङ्कको हुनेछ। न्यूनतम १२ र अधिकतम २१ अंक प्रदान गरिनेछ।

पलाँता गाउँपालिका

## अनुसूची - ७

**(दफा ६ को उपदफा २ सँग सम्बन्धित)**

लिखित परीक्षामा सहभागी हुन पाउने योग्य उम्मेदवारहरुको नामावलीको सूची प्रकाशन गरिएको सूचना!

करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०८० को दफा ४ को उपदफा १ बमोजिम मितिः ............/........./.......... मा प्रकाशित विज्ञापन नं. ................ बमोजिम यस गाउँकार्यपालिकाको कार्यालयमा रिक्त रहेको ....................... पदको लागि ऐ ऐ दफा को उपदफा २ अनुसार पेस भएका दरखास्तमा उम्मेदवारहरुको ऐ ऐ दफा को उपदफा ३ तथा अनुसूची -६ बमोजिम मूल्यांकन गर्दा लिखित परीक्षामा सहभागी हुन पाउने योग्यताक्रम अनुसारको योग्य उम्मेदवारहरुको नामावलीको सूची तपसिल अनुसार प्रकाशन गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिलः

| क्र.सं. | दर्ता नम्बर | नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

पुनश्चः यस विज्ञापन अन्तर्गत माथि उल्लिखित सूचीमा परेका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम देहायको मिति, स्थान र समयमा हुने जानकारी सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**परीक्षा मितिः**

**परीक्षा सञ्चालन हुने स्थानः**

**परीक्षाको किसिमः**

परीक्षामा सहभागी हुने उम्मेदवार परीक्षा समय भन्दा कम्तिमा १ घण्टा अगावै परीक्षा स्थलमा उपस्थित हुनु पर्नेछ। वस्तुगत परीक्षा सञ्चालन भएको १५ मिनेट भन्दा ढिलो र विषयगत परीक्षा सञ्चालन भएको ३० मिनेट भन्दा ढिलो उपस्थित परीक्षार्थीलाई परीक्षामा समेल गराइने छैन।

माग पद संख्याको आधारमा विषयगत परीक्षामा सहभागी परीक्षार्थीको संख्या ३ जना भन्दा बढी भएमा लिखित परीक्षाको भोली पल्ट मात्र लिखित परीक्षाको प्रतिफल प्रकाशन गरेपछि अन्तरवार्ताको मिति र समय तोकिनेछ। सफल उम्मेदवारले अन्तरवार्तामा उपस्थित हुँन आउँदा सक्कलै नागरिकताको प्रमाणपत्र सहित सक्कलै शैक्षिक प्रमाण पत्र र अन्य कागजात सहित आउनु पर्नेछ।

.........................
संयोजक
छनौट तथा परीक्षा समिति

पर्वता गाउँपालिका

## अनुसूची - ८
### (दफा ७ को उपदफा ३ सँग सम्बन्धित)
### नतिजा प्रकाशन गरिएको सूचना !

उपर्युक्त सम्बन्धमा यस गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेको ......... पद, .......... सेवा समूह, ........ तहको माग पद संख्या ......... को पदपूर्तिको लागि मितिः ........./......../........ मा प्रकाशित विज्ञापन नं. .............. अनुसार मितिः ......... / ......../ ...... मा सञ्चलित पहिलो चरणको लिखित परीक्षामा सहभागी भई सफल उम्मेदवार मितिः ........../ ......../ ........ मा सञ्चालित दोस्रो चरणको परीक्षामा समेत सहभागी भई सफल उम्मेदवारलाई मितिः ......./ ........./ ........ सञ्चालित अन्तरवार्ताबाट समेत सफल उम्मेदवारहरुको नतिजा योग्यता क्रमको आधारमा तपसिल अनुसार प्रकाशन गरिएको सम्बन्धित सबैको लागि जानकारी गराइन्छ। सफल उम्मेदवारहरुले ७ दिन भित्र करार नियुक्तिका लागि गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित हुन समेत जानकारी गरिन्छ।सफल उम्मेदवार ७ सम्म नियुक्तिको लागि उपस्थित नभएमा नियमानुसार बैकल्पिक उम्मेदवारलाई करार नियुक्ति गरिने जानकारी गरिन्छ।

**तपसिलः**

**विज्ञापन नं. ..............** **पदः..................** **सेवा/समूह..................**

**तहः ..................** **माग पद संख्याः ................** **अन्तरवार्ता मितिः ..../...../....**

| क्र.सं. | रोल नं. वा दर्ता नम्बर | नाम थर | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

बैकल्पिक उम्मेदवारहरुः

| क्र.सं. | रोल नं. वा दर्ता नम्बर | नाम थर | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

**<u>छनौट तथ परीक्षा समिति (पदपूर्ति समिति)</u>**

संयोजक विषय विज्ञ सदस्य सचिव

............. .............. ....................

पलाता गाउँपालिका

## अनुसूची - ९
### (दफा ७ को उपदफा ३ सँग सम्बन्धित)
### नियुक्तिको लागि सिफारिसको नमुना।

मितिः ....... / ....... / .......

विषयः **<u>सिफारिस गरिएको सम्बन्धमा ।</u>**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
पलाँता, कालीकोट।

उपर्युक्त सम्बन्धमा यस गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेको ......... पद, ........... सेवा समूह, ......... तहको माग पद संख्या .......... को पदपूर्तिको लागि मितिः ........../........./......... मा प्रकाशित विज्ञापन नं. .............. अनुसार मितिः ......... / ......../ ...... मा सञ्चलित पहिलो चरणको लिखित परीक्षामा सहभागी भई सफल उम्मेदवार मितिः .........../ ......../ ......... मा सञ्चालित दोस्रो चरणको परीक्षामा समेत सहभागी भई सफल उम्मेदवारलाई मितिः ......./ ........./ ......... सञ्चालित अन्तरवार्ताबाट समेत सफल तपसिलको उम्मेदवारलाई कार्यालयको माग बमोजिमको पद, तह र सेवा समूहमा कार्यविवरण सहित ७ दिन भित्र करार नियुक्ति गरी नियमानुसार कामकाजमा खटाउन सिफारिस गरिएको छ।

**तपसिलः**

| क्र.सं. | दर्ता नम्बर वा रोल नं. | नाम थर | पद | तह | सेवा समूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

**<u>छनौट तथ परीक्षा समिति (पदपूर्ति समिति)</u>**

| <u>संयोजक</u> | <u>सदस्य (विषय विज्ञ)</u> | <u>सदस्य सचिव</u> |
|---|---|---|
| नामः ............. | नाम ............... | नाम ............. |
| हस्ताक्षरः........... | ............ | ................ |

आज्ञाले
(सुरेश कुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत



पलाँता गाउँपालिका